प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १८६ ॥ २०८१ भाद्र ०१ गते शनिबार (17th Aug 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# करेन्ट लगाएर माछा मार्दा ज्यान गुमाउँदै सर्वसाधारण

• लक्ष्मी उप्रेती

मेचीनगर । तीन दिनअघि झापाको हल्दिबारी -४ मा करेन्ट लगाएर माछा मार्ने क्रममा ३० वर्षीय नरेश मोक्तानले ज्यान गुमाए । उनी बाटो छेउको नालीमा करेन्ट लगाई माछा मार्न गएका थिए।

त्यस्तै गत फागुन १५ मा बाह्रदशी- ६ मिलनचौकमा जमेको पानीमा करेन्ट लगाएर माछा मार्ने क्रममा स्थानीय २८ बर्षिय बुद्धराज लिम्बूको मृत्यु भयो । घरनजिकै रहेको खेतमा जमेको खाल्डोको पानीमा मेनलाइनबाट करेन्ट लगाएर माछा मार्नेक्रममा उनलाई अचानक करेन्ट लागेको थियो । गत वर्षको भदौमा पनि बाह्रदशीमै अर्का व्यक्तिको त्यसरी नै मृत्यु भएको थियो । भदौ २९ गते बाह्रदशी-५ का ४५ वर्षीय गंगाराम गजमेरको करेन्ट लागेर मृत्यु भएको थियो । झण्डै दुई वर्षअघि २०७९ साउन १२ गते माछा मार्ने क्रममा करेन्ट लाग्दा भद्रपुर-७ का अन्दाजी ४० वर्षका भोटलाल गणेशको पनि ज्यान गयो ।

करेन्ट लगाएर माछा मार्ने क्रममा झापामै एकैदिन याङबरक गाउँपालिका-६ पाँचथर घर भई बुद्धशान्ति-२ स्थित आफन्तको घरमा बस्दै आएका ३२ वर्षीय कमल बराइली, हल्दिबारी-५ का ६१ वर्षीय ओमबहादुर थाम्सुहाङ र मेचीनगर-११ धाइजनका ४७ वर्षीय सन्त चौधरीगरी तीनजनाको मृत्यु भएको अभिलेख प्रहरीसँग छ । यसरी माछाको लोभमा अनाहकमा ज्यान गुमाउनेको संख्या झापामा बढ्दै गएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार झापामा आर्थिक वर्ष २०७८-०७९ मा करेन्ट लागेर ८ पुरुष र ३ महिला गरी ११ जनाको ज्यान गएको थियो । त्यस्तै २०७९-०८० मा १२ पुरुष र २ महिला गरी १४ जनाको मृत्यु भयो भने २०८०-०८१ मा ९ पुरुष र एक



महिला गरी १० जनाको मृत्यु भएको थियो । त्यस संख्यामा करेन्ट लगाएर माछा मार्दा मृत्यु हुने पनि छन् । जुन उल्लेखनीय रहेको प्रहरीले जनाएको छ । करेन्ट लगाएर माछा मार्दा ज्यान गुमाउनेको अभिलेख प्रहरीसँग भएपनि करेन्ट प्रयोग गरेर माछा मार्दा पक्राउ परेको तथ्याङ्क भने प्रहरीसंग छैन ।

'करेन्ट लगाएर माछा मार्नु गैरकानुनी कार्य हो' झापा प्रहरीका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले भने,' कानुन छ तर, त्यसको पूर्णरुपमा कार्यान्वयन नहुँदा र माछाको लोभमा करेन्ट लगाउँदा मानिसले ज्यानसमेत गुमाउनु परेको छ ।' करेन्ट लगाएर माछा मार्नु गैरकानूनी भएपनि लुकिछिपी यस्ता गतिविधि भइरहेको डीएसपी चन्दले जानकारी दिए । करेन्ट लगाएर माछा मार्नेलाई कानुनी दायरामा ल्याई कारबाही अगाडि बढाउने उनको भनाई छ । झापाका मेची, निन्दा, टिमाई ,फुलवासा, हडिया, कन्काई, रतुवालगायतका नदीमा करेन्ट लगाई माछा मार्ने गरेका कारण सो नदीको जलचर संकटमा परेको छ । करेन्ट लगाई माछा मार्नाले खानयोग्य माछामात्र नमरी माछाका भुरा अण्डालगायत माछाको आहार समेतलाई असर पर्ने वरिष्ठ पशु चिकित्सक ओमनारायण मण्डलको भनाई छ । 'करेन्ट लगाएर माछा मार्दा जलचर नै जोखिममा त पर्छन् नै, सर्वसाधारणले अकालमै ज्यान समेत गुमाउनुपर्छ ' डाक्टर मण्डलले थपे । यी सब कुरा जान्दाजान्दै पनि खोलामा करेन्ट लगाएर माछा मार्ने क्रम नरोकिनु मानिसमा चेतनाको अभाव भएको उनको तर्क छ । ठूला नदीमा मात्र नभई, स-साना नदीमा पनि माछा मार्न करेन्टको प्रयोग हुने गरेको छ । कतै रमाइलोका लागि त कतै माछाबाट छिट्टै आम्दानी लिनका लागि पनि खोलामा करेन्ट लगाइने बताइएको छ । माछाका लागि करेन्ट लगाउँदा माछा मात्र लोप हुँदै जाने नभई अन्य जलचरमा पनि ठूलो असर परेको अध्ययनले देखाएको छ ।

खोलामा करेन्ट लगाएर माछा मार्न निकै टाढा टाढाबाट समेत सर्वसाधारण आउने गरेका छन् । माछा मार्न खोलामा करेन्ट लगाउने क्रम बढ्दै गएपछि क्रमशः माछा हराउँदै गएको हरेराम माझी बताउँछन् । नदी र खोलामा जाल हानेर माछा मार्दै नुन–भुटनको जोहो गर्ने माझीलाई अहिले खोला र नदीमा माछा मासिदैँ गएकोमा चिन्ता छ । 'करेन्ट लगाएर माछा मार्ने क्रम बढ्दै गएपछि माछा घटेर लोप हुन थाले' माझीले भने, 'खोलामा माछा मार्न करेन्ट लगाइदिने गर्दा समस्या भयो, हाम्रो पेशासमेत संकटमा पर्‍यो, नुन भुटनको जोहो गर्न नै धौ धौ भयो।' जेनेरेटर, ब्याट्री र इन्भर्टरको प्रयोग गरेर करेन्ट लगाएर माछा मार्ने गरिएको सर्वसाधारणको भनाई छ ।

पंक्षी तथा पशु अधिकार रक्षाका लागि सक्रिय चरा संरक्षक देवेन्द्रकुमार खरेल 'देवेन' खाने भन्दैमा माछालाई करेन्ट लगाएरै मार्नु ठीक नभएको बताउँछन् । खोलामा करेन्ट प्रयोग गर्दा करेन्ट प्रवाहले बगेको वा जमेको पानीको गुणस्तरमा ह्रास आउने , माछा मात्रै नभएर अन्य जीव पनि मर्ने वा घाइते हुने, शिकारीले नउठाएको मृत माछा पानीमा रहँदा पछि सडिएर पानी दूषित हुने ,पानीको जैविक प्राकृतिक पारस्थितिय प्रणाली चक्र असन्तुलित हुने उनको भनाई छ ।

२०५५ सालमा संशोधन गरिएको जलचर संरक्षण ऐनमा 'कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै पनि विद्युतीय धार (करेन्ट), विस्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न हुँदैन । सो ऐनको उक्त प्रावधान उल्लंघन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

## बंगलादेशकै आन्दोलनका बेला भारतले नाका खोल्नु शंकास्पद




मेचीनगर(प्रस)। वर्षौंसम्म नाका बन्द गरेर बंगलादेशको आन्दोलनकै बेला भारतले पूर्वी नाका काँकरभिट्टा खोलिदिएपछि सुरक्षा चुनौती थपिएको छ ।

बंगलादेशमा आन्दोलन चर्किदा त्यहाँका नागरिकहरु भारत हुँदै नेपाल प्रवेश गर्नसक्ने खतरा बढेको हो । भुटानी शरणार्थी समस्याबाट नेपालले पूर्णरुपमा पार नपाइसकेको अवस्थामा शरणार्थीको रुपमा बंगलादेशीहरु पनि नेपाल प्रवेश गरेको खण्डमा अर्को ठूलो समस्या आइपर्ने देखेर यतिवेला पूर्वी नाकामा सुरक्षा चेकजाँचमा कडाई गरिएको छ ।

भारतले पूर्वी नाका खोलिदिएपछि सुरक्षा चुनौती थपिएको स्वीकार गर्दै प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले पूर्वी नाकामा सुरक्षा व्यवस्था कडा पारिएको बताए । यसअघि नेपालका उद्योगी व्यवसायीहरुले पटक पटक नाका खोल्न आग्रह गर्दासमेत भारतले सुनुवाई नगर्नु र बंगलादेशको आन्दोलनकै बेला नाका खोलिदिनु शंकास्पद रहेको छ । प्रजिअ बास्तोलाले बंगलादेशसंग नजिक भएको पूर्वी नाका मात्र नभएर सबै नाका भारतले खोलेको जानकारी दिए ।

अहिलेसम्म पूर्वी नाकाबाट कुनै पनि बंगलादेशीले नेपाल प्रवेश गर्ने प्रयास नगरेको बास्तोलाले बताए । तर,मोरङको जोगबनी नाकाबाट नेपाल प्रवेश गर्न खोज्ने बंगलादेशीलाई फिर्ता पठाइएको छ । भारतले तेस्रो मुलुकका लागि आवागमन खुला गरेसँगै पर्यटक आउने क्रम बढेको अध्यागमन कार्यालय काँकरभिट्टाले जनाएको छ ।

सो कार्यालयका अनुसार तेस्रो मुलुकका लागि नाका खुलेको १५ दिनभित्रमा यो नाका भएर २२५ जना पर्यटकहरुको आवागमन भएको छ । सोही अवधिमा १२३ जना विभिन्न मुलुकबाट स्थलमार्ग हुँदै प्रवेश गरेको देखिन्छ भने १०२ जना बहिर्गमन भएका छन् ।

भारतीय र बंगलादेशीलाई छुट्याउन गाह्रो भएको र उनीहरु अध्यागमन कार्यालयमा नजाने भएकाले नेपाल प्रवेशमा रोक्न समस्या देखिएको हो । कोरोना महामारी समाप्तिपछि मुलुकका अरु सबै नाकाबाट पर्यटक आवागमन खुला गरिएपनि पूर्वी नाका भारतीय पक्षबाट अवरोध रहँदै आएको थियो । गत साउन १७ गते भारतले पूर्वी नाका खुला गरेको हो ।

# थामे बाढीमा एक वेपत्ता, १२ घरसहित स्कुल र क्लिनिकमा क्षति



झापा(प्रस) । थामे खोलामा आएको बाढीका कारण सोलुखुम्बुको खुम्बु पासाङल्हमु गाउँपालिका ५ थामेमा १२ घरसहित स्कुल र क्लिनिकमा क्षति पुगेको छ । बाढीमा एक स्थानीय बेपत्ता भएका छन् ।

दोलखा र सोलुखुम्बुको सिमाना भई बग्ने थामे खोलाको शिरदेखि नै एक्कासी पानीको बहाव बढ्दा थामे १२ घर (होटलसहित) बगाएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका डीएसपी द्वारिकाप्रसाद घिमिरेले बताए । उनका अनुसार स्थानीय एक जना बाढीमा बेपत्ता भएका छन् । दिउँसोको घटना भएकाले अन्य मानवीय क्षति भने हुन पाएन । घटनास्थलमा नेपाली सेना र नेपाल प्रहरीको टोली पुगेको थियो । दुधकोशी नदीको तल्लो तटीय क्षेत्र भने खतरामुक्त रहेको छ ।

थामे खोलको शिरमा रहेका हिमताल फुटेर या कुनै पहाड खसेर बाढी आएको हुन सक्ने खुम्बु पासाङल्हमु गाउँपालिकाका प्रवक्ता लाक्पा छिरी शेर्पाले जानकारी दिए । सिंगो थामेमा बाढी पसेको हुनाले उक्त क्षेत्रका ७ वटा घर अझै जोखिम पूर्ण अवस्थामा छन् । थामेमा सञ्चार र विद्युत् सेवा प्रभावित बनेको छ । क्षतिबारे बुझ्न काठमाडौंमै रहेको पालिका अध्यक्ष मिङ् मार छिरि शेर्पालगायतका जनप्रतिनिधिको टोली जान लागेको बताइएको छ । बाढीले दुधकोशी नदी बहने सोलुखुम्बु र खोटाङ क्षेत्रका नागरिक त्रसित छन् ।त्यहाँस्थित पालिकाहरुले पनि सूचना जारी गर्दै नदी किनारका वस्ती जोखिममा रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । गृह मन्त्रालयले सोलुखुम्बुको थामेमा आएको भीषण बाढी र त्यसबाट थामेखोला तथा दुधकोशी नदी तटीय क्षेत्रमा खोज तथा उद्धार र विपद व्यवस्थापनका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई परिचालन गर्न निर्देशन दिएको थियो । गृह मन्त्रालयले सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीलाई बाढी प्रभावित क्षेत्रमा खोज उद्धार र व्यवस्थापनमा खटाउन निर्देशन दिएको हो । बाढी आएको स्थान खुम्बु पासाङल्यामु गाउँपालिका-५ थामेमा पर्छ । त्यसबाट आएको बाढी अहिले थामे खोला हुँदै दुधकोशी नदीमा मिसिएको छ ।

रक्षामन्त्री मानवीर राईले विपदसँग जुध्न सबै किसिमका उपाय अपनाउने गरी रक्षा मन्त्रालयले गृहसँग समन्वय गरेको र सोहीअनुसार सुरक्षाकर्मी परिचालन गर्न निर्देशन दिइएको बताए । 'गृहमन्त्रीसँग कुराकानी भइसकेको छ । मैले कामु प्रधानसेनापतिज्यूलाई पनि विपद्‌बाट पार्ने जोखिमबाट बच्न, नागरिकलाई सुरक्षित स्थानमा लैजाने व्यवस्था गर्न र अरु भौतिक क्षति हुन नदिने उपाय अपनाउन सुरक्षाकर्मीहरुलाई परिचालन गर्न निर्देशन दिइसकेको छु,' रक्षामन्त्री राईले भने । रक्षामन्त्री राई बाढी आएको खुम्बु पासाङल्यामु गाउँपालिकाको छिमेकी पालिका माप्य दुधकोशी गाउँपालिकाका स्थानीय हुन् ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

झापा(प्रस) । नेपाल आयल निगमनले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । इण्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य कायम भएर आएअनुसार निगमले शुक्रबार रातिदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँले मूल्य घटाएको हो ।

निगमका काठमाडौं उपत्यकामा अब पेट्रोल प्रतिलिटर १६५ रुपैयाँ तथा डिजेल र मट्टितेल प्रतिलिटर १५५ रुपैयाँका दरले कारोबार गर्न पाइनेछ ।

## ५५ जनामा हैजा, ७४ जिल्लामा फैलियो डेंगु

झापा(प्रस) । नेपालमा हैजा संक्रमितको संख्या ५५ पुगेको छ । शुक्रवार ललितपुरका २ जनामा हैजा संक्रमण पुष्टि भएसँगै संक्रमित संख्या ५५ जना पुगेको स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

यसवर्ष ललितपुरका ४१, कैलालीका ८, काठमाडौँका चार र प्युठानका दुई जनामा हैजा संक्रमण देखिएको हो। पछिल्लो चार दिनमा थप ४१६ जना डेंगुका संक्रमित फेला परेका छन्। योसँगै डेंगु संक्रमित संख्या ३ हजार ७ सय ५५ पुग्दा ७४ जिल्लामा संक्रमण फैलिएको छ। यस वर्ष दुई जना डेंगु संक्रमितको ज्यान गइसकेको छ।



# मुख्यमन्त्री हिक्मतकुमार कार्कीको सय दिन

झापा(प्रस) । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आफू नियुक्त भएको एक सय दिनको उपलब्धि सार्वजनिक गरेका छन् । विराटनगर स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा विशेष कार्यक्रम गरी उनले आफूले सय दिनभित्र गरेका ६० काम सार्वजनिक गरेका हुन् ।

उनले सार्वजनिक गरेका कतिपय उपलब्धिमा यसअघि नै बनिसकेका पुल उद्घाटनदेखि बजेटमा राखिएको कार्यक्रम र संघीय सरकारले गरेका कामलाई पनि समावेश गरिएको छ ।

प्रदेश सरकारले काम गरेन भन्ने गलत प्रचारलाई हटाउन पहिले सुरु भएर आफ्नो कार्यकालमा सम्पन्न भएका योजनाहरूलाई पनि समावेश गरेर सय दिनका उपलब्धि सार्वजनिक गरेको मुख्यमन्त्री कार्कीले बताए । प्रदेशमा वर्ष २०८१ लाई प्रदेश पर्यटन वर्ष घोषणा गर्नेदेखि विराटनगरको बरगाछी चोकमा ट्राफिक लाइट जडान गरेको विषयलाई पनि सय दिने उपलब्धि मानिएको छ ।

मुख्यमन्त्री कार्की गत वैशाख २७ गते तेस्रो पटक मुख्यमन्त्रीमा नियुक्त भएका थिए । प्रदेश सरकारले गरेका कामहरू सही ढंगले जनतामाझ प्रचारप्रसार नभएकोले सयदिने उपलब्धि सार्वजनिक गर्नुपरेको उनले बताए ।

केही महिनापछि कोशी प्रदेशमा विगत सात वर्षमा भएका विकास र प्रगति पनि सार्वजनिक गर्न लागेको मुख्यमन्त्री कार्कीले बताए । उनले सार्वजनिक



गरेको एक सय दिने उपलब्धिमा तेह्रथुमको ओखे र सुनसरीको हरिपुरमा निर्माण भएको सडक उद्घाटन गरेको, कोशीलाई पूर्णखोप प्रदेश घोषणा गरेको र धनकुटाको भेंडेटारमा निर्माण भएको स्काईवाक उद्घाटन गरेर सञ्चालनमा ल्याएको लगायत छन् ।

यसैगरी मुख्यमन्त्री कार्यालयमा प्रदेशबासीको गुनासो सुन्न हेल्लो सीएम कार्यक्रम सञ्चालनमा ल्याएको, विपदको सूचना दिन प्रदेश पोर्टल सञ्चालन गराएको, प्रदेशका पाँच पालिकामा उद्यमशीलता कार्यक्रम सञ्चालनमा ल्याएको र प्रदेशमा जडीबुटी प्रशोधन केन्द्र खोल्न अध्ययन कार्यदल गठन गराएको पनि उपलब्धिमा राखिएको छ ।

यस्तै संखुवासभा र चीनसँग जोड्ने किमाथाङ्का नाका खुला गराएको, पहाडका ६ जिल्लामा भेटनरी उपचार केन्द्र सञ्चालन गराएको र विपदमा परेकाहरूलाई राहत तथा उद्धारमा सहयोग गरेको पनि उपलब्धिमा समावेश गरिएको छ ।

पाथिभरा, हलेंसी, बराहक्षेत्र धार्मिक क्षेत्र समिति, केचना कञ्चनजङ्गा पर्यटन समिति, संघीयता कार्यान्वयन र प्रदेश कानुन निर्माण कार्यदल गठन गराएको, चालु वर्षमै कोशी प्रदेशमा लगानी सम्मेलन गर्ने तयारी थालेकोलगायत पनि मुख्यमन्त्रीले उपलब्धिका रूपमा जनाएका छन् । यस्तै प्रदेश सरकारले दोस्रो आवधिक योजना निर्माण गरेर कार्यान्वयन थालेको पनि उनले बताए ।

# अफ्रिकाबाहिर फैलिँदै मंकी पक्स

एजेन्सी । मध्य र पूर्वी अफ्रिकामा मंकी पक्स भाइरसका संक्रमितको संख्या बढिरहेका वेला अफ्रिका बाहिर पनि पहिलो संक्रमित भेटिएको छ। योसँगै विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ।

‘मंकी पक्सको नयाँ प्रकार निस्कनु, कंगो गणतन्त्रमा तीव्र रूपमा फैलनु र कैयौं छिमेकी देशमा यसका संक्रमित देखिएको जानकारी आउनु निकै चिन्ताजनक विषय हो’ डब्ल्यूएचओका महासचिव डा. ट्रेडोस अधोनम घेब्रेससले भने। यसअघि अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सिडिसी) ले मंकी पक्सको संक्रमण बढेपछि आपत्काल घोषणा गरेको थियो। सेन्टरले नयाँ भेरियन्ट धेरै घातक रहेकाले अघिल्लो पटकको भन्दा गम्भीर र चिन्ताजनक भएको बताएको थियो।

अफ्रिकाभन्दा बाहिर मंकी पक्सका पहिलो संक्रमित भेटिएका छन्। स्वीडेनको सार्वजनिक स्वास्थ्य एजेन्सीले अफ्रिकी प्रायद्वीप बाहिर मंकी पक्स भाइरसको पहिलो विरामी भेटिएको जनाएको छ। एजेन्सीले जनाएअनुसार संक्रमित व्यक्ति अफ्रिकाको त्यस हिस्साबाट आएका थिए जहाँ मंकी पक्स क्लेड वान महामारीका रूपमा फैलिरहेको छ। ‘रोगका कारण मंकी पक्स भाइरस हो, यो बिफर जस्तै भाइरसको समूहबाट आएको हो तर यसको असर निकै कम हानिकारक देखिएको छ। मंकी पक्स जनावरबाट मानिसमा फैलिन्थ्यो तर अहिले मानिसबाट मानिसमा पनि फैलिरहेको छ’ एजेन्सीले भनेको छ। मंकी पक्सको मामिला डेमोक्रेटिक रिपब्लिक अफ कंगोमा सामान्य जस्तै भइसकेको छ। त्यस क्षेत्रमा हरेक वर्ष हजारौं मानिस संक्रमित हुने गरेका छन् र सयौं मानिसको मृत्यु समेत हुने गरेको छ। यसबाट सबैभन्दा बढी १५ वर्षभन्दा कम उमेरका बालबालिका प्रभावित हुने गरेका पाइएको छ। पछिल्लो पटक विशेषगरी, मंकी पक्स भाइरसका दुई प्रकार फैलिरहेका छन्। एउटा क्लेड-वान वा क्लेड आई जुन मध्य अफ्रिकाको स्थानीय मानिएको छ।

यसपटक फैलिएको मंकी पक्सको प्रकार क्लेड-वान/आई बी भने नयाँ र अधिक संक्रामक रहेको बताइएको छ। अफ्रिका सिडिसीले सन् २०२४ को सुरुदेखि जुलाईको अन्तिमसम्म मंकी पक्सबाट ४५० जनाभन्दा धेरैको मृत्यु भएको र १४ हजार ५०० भन्दा धेरै संक्रमित भेटिएका बताएको छ।

मंकी पक्स भाइरसबाट संक्रमितको संख्यामा १६० प्रतिशतले बढेको र मृत्युदर १९ प्रतिशतले बढी भएको सिडिसीले जनाएको छ। तीमध्ये ९६ प्रतिशत संक्रमित गणतन्त्र कंगोका छन्। यसैगरी छिमेकी केन्या, रुवान्डा, युगान्डा र बुरुन्डी लगायतका देशमा पनि फैलिएको सिडिसीले उल्लेख गरेको छ।

पश्चिम अफ्रिकामा भेटिने मंकी पक्सको कम घातक प्रकार क्लेड-आईआई २०२२ मा विश्वव्यापी महामारीको कारण बनेको थियो। यो एशिया र युरोपका केही सहित एक सय देशमा फैलिएको थियो जहाँ सामान्यतया पहिले देखिँदैनथ्यो र खोप अभियानमार्फत यसलाई रोकिएको थियो।

कंगोमा मंकी पक्स भ्याक्सिन र यसको उपचारलाई लिएर सुविधा न्यून छ। जसका कारण स्वास्थ्य अधिकारीहरू बढी चिन्तित भएका बिबिसीले जनाएको छ। विशेषज्ञहरूले भाइरसको नयाँ प्रकार सजिलैसँग फैलन सक्ने र यसबाट बालबालिका र वयस्कहरूको मृत्युको सम्भावना अधिक रहेको बताएका छन्।

**लक्षण**

चिकित्सकहरूका अनुसार, ज्वरो आउनु, टाउको दुख्नु, सुन्निनु, ढाड र मांसपेशीहरूको दुखाइ यो भाइरसका सुरुवाती लक्षण हुन्। ज्वरो आएपछि शरीरमा दाग देखिन्छन्, जुन प्रायजसो अनुहारबाट सुरु हुन्छ र शरीरका अन्य भागमा फैलिन्छ। यी दाग धेरै चिलाउने र दुख्ने हुन्छ। सामान्यतया १४ देखि २१ दिनको बीचसम्म रहने यो संक्रमण सामान्यतः आफैं निको हुँदै जान्छ। तर गम्भीर संक्रमणमा दाग र घाउ पूरै शरीर, मुख्य गरी मुख, आँखा र गुप्तांगमा हुने गर्दछ।

**कसरी फैलन्छ ?**

मंकी पक्स कुनै संक्रमित व्यक्तिसँगको यौन सम्बन्ध, छालासँगको सम्पर्क र संक्रमित व्यक्तिसँग नजिकबाट कुराकानी गर्दा सर्ने चिकित्सकहरू बताउँछन्। फुटेको छालाको माध्यमबाट आँखा, श्वासप्रश्वास प्रणाली, नाक या मुखमा भाइरस प्रवेश गर्न सक्छ।

मंकी पक्स संक्रमित व्यक्तिले प्रयोग गरेको ओछ्यान, लुगा, तौलिया जस्ता सामान छुँदा पनि फैलन सक्छ। यो भाइरस संक्रमित बाँदर, मुसासहितका जनावरबाट पनि सर्न सक्ने बताइन्छ। सन् २०२२ मा मंकी पक्स भाइरस यौनसम्पर्कबाट धेरै फैलिएको पाइएको थियो। गणतन्त्र कंगोमा पनि योपटक धेरैजसो यौनसम्पर्कका कारण यो भाइरस फैलिएको पाइएको छ।

उपचार

संक्रमणमा रोक लगाएर मात्र मंकी पक्स फैलनबाट रोक्न सकिने डब्ल्यूएचओले जनाएको छ। यसको खोप भएकाले सबैभन्दा राम्रो उपाय खोप लगाउनु हो।। यद्यपि संक्रमणको जोखिममा रहेका र संक्रमितको नजिक रहेका व्यक्तिले मात्र खोप लगाउन पाउँछन्। डब्ल्यूएचओले आपत्कालीन प्रयोगका लागि यो खोप अगाडि ल्याउन र औपचारिक रूपमा अनुमति नभए पनि आवश्यकता देखिएको देशमा यो खोप लिएर जान औषधि निर्माता कम्पनीहरूलाई आह्वान गरेको थियो।

अफ्रिका सिडिसीले यो रोगलाई लिएर महाद्वीपमा स्वास्थ्य आपत्काल घोषणा गर्दै सरकारहरूले बचाउका लागि उचित तालमेल गर्ने, संक्रमण फैलिएका क्षेत्रहरूमा औषधि र सहायताको आपूर्ति बढाउने अपेक्षा गरेको बिबिसीले जनाएको छ।

## कोशी...

त्यसैगरी आर्थिक वर्ष २०८५/०८६ सम्ममा साक्षरता दर ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ भने श्रमशक्ति सहभागिता दर ६० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । लैङ्गिक विकासको सूचांक ०.९२ पुऱ्याउने लक्ष्य राखिएको छ भने मानव विकासको सूचांक ०.६२ पुऱ्याउने लक्ष्य छ ।

आवधिक योजनामा डिजिटल साक्षरता ९० प्रतिशत पुऱ्याउने अनुमान गरिएको छ भने विद्युत् उत्पादन २२०० मेगावाट अनुमान गरिएको छ ।

आवधिक योजनामा उल्लेख भएको क्षेत्रगत परमाणात्मक लक्ष्य अनुसार कुल ग्रार्हस्थ उत्पादन (उपभोक्ता मूल्यमा) १३१७.९५ अर्बमा पुऱ्याउने लक्ष्य रहेको छ भने कृषि क्षेत्रको वार्षिक वृद्धिदर ६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । उद्योग क्षेत्रको वार्षिक वृद्धिदर १०.५६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । आर्थिक वर्ष २०८५/०८६ सम्ममा सेवा क्षेत्रको वार्षिक वृद्धिदर ७.४१ प्रतिशत पुऱ्याउने अनुमान गरिएको छ । प्रतिव्यक्ति कुल गार्हस्थ (उत्पादन उपभोक्ता मूल्यमा) १६४५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य अनुमान गरिएको छ ।

कोशी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. राजेन्द्र अधिकारीले पञ्चवर्षीय आवधिक योजनाको मुख्य मुख्य आयोजनाहरू प्रस्तुत गर्दै दोस्रो आवधिक योजनाको सोच ‘सुशासित, खुसी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश’ रहेको जानकारी दिए । उनका अनुसार आवधिक योजनाको मुख्य उद्देश्य कृषि, उद्योग र सेवा क्षेत्रमा लगानीको वातावरण तयार गरी प्रविधिमैत्री उत्पादन तथा उत्पादकत्व वृद्धिमार्फत सम्पन्न नागरिक र समुन्नत प्रदेश निर्माण गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा लगायतका सामाजिक विकासका क्षेत्रमा लगानी अभिवृद्धि गरी सामाजिक न्यायसहित नागरिकमा खुसी वृद्धि गर्ने, प्रदेशका भौतिक तथा सामाजिक पूर्वाधारको उच्चतम उपयोग गरी उपयोग गरी समृद्धि हासिल गर्ने, प्रदेशमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सेवा प्रवाह नागरिकमैत्री बनाई प्रत्येक नागरिकमा शान्ति, सुरक्षा तथा सुशासनको अनुभूति गर्न सक्ने वातावरण तयार गर्ने रहेको छ ।


## भद्रपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भद्रपुर , झापा
मितिः-२०८१/०५/०१

### हकदाबी सम्बन्धी सूचना

प्रस्तुत विषयमा भद्रपुर नगरपालिका वा नं. ७ वस्ने श्री कुमार कोइरालाको नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी १ हाल भद्रपुर नगरपालिका वडा नं ७ को कि.नं. २३३५ को जम्मा ज.वि. ०-२-१० जग्गामा भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पूर्वतर्फ सँधियार श्री खेम प्रसाईको जग्गा र पश्चिमतर्फको सँधियार श्री विश्वनाथ न्यौपाने सरजमिन स्थलमा अनुपस्थित हुनु भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस विषयमा तपाईको कुनै किसिमको दावी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगरकार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला । म्यादभित्र दावी विरोध नभए नियमानुसार भईजाने व्यहोरा जानकारी गराईन्छ ।

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना
प्रथम पटक प्रकाशित मिति २०८१/०५/०१

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य देदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य देदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपसिलः

| क्र.सं. | ऋणी/धितो जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शाखा कार्यालयः बिर्तामोड**<br>**ऋणी**: कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा मिति २०७०/०७/१५ मा दर्ता नं. ११७१३६/०७०/७१ अन्तर्गत रजिष्टर्ड दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला अनारमनी गाविस/न.पा. वडा नं. ०४, भई हाल झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं. ०४ स्थित श्याम फूड एण्ड वेभेरेजेज प्रा.लि.का तर्फबाट ऐ. का अख्तियार प्राप्त संचालक सन्तलाल गट्टानीको नाति, वृजमोहन गट्नीको छोरा, नागरिकता बमोजम झापा जिल्ला, शनिश्चरे गाविस,बडा नं.१ स्थायी ठेगाना भई हाल झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नं. ८, शनिश्चरे बस्ने मिति २०५०/१२/०१ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं.८२३११३७ भएको वर्ष ४८ को **नविन गट्टानी** ।<br><br>**संचालक/व्यक्तिगत जमानिकर्ता** :<br>नाम : विनिता गट्टानी<br>बाबु : श्याम सुन्दर सारस<br>पति : नविन गट्टानी<br>ना प्र नं : १३२३ (झापा २०५९/०३/१६)<br>ठेगाना : झापा जिल्ला, शनिश्चरे गाविस, वडा नं.१ स्थायी ठेगाना भई हाल झापा जिल्ला, अर्जुनधारा नगरपालिका, वडा नं.८, शनिश्चरे । | **ब्यवसायिक आवधिक कर्जा**<br><br>**ब्यवसायिक चालुपुँजी कर्जा**<br><br>**डिमान्ड कर्जा** | श्याम फुड एण्ड वेभरेजेज प्रा.लि.को नाममा मालपोत कार्यालय ,भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गाविस, वडा नं. ७ स्थित कि नं.१४०६ को क्षेत्रफल १-७-१० (वि.क.धु.) जग्गा, सोमा निर्मित घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>साथै तल उल्लेखित स्थिर सम्पत्ति र गोदाममा रहेको कच्चा तथा तयारी माल समेत । |

| S.N. | Description |
|---|---|
| 1 | Automatic Pouch Packaging Machine |
| 2 | Vibratory Stand |
| 3 | ARC-4001 |
| 4 | 100w LED Industrial High Baylight |
| 5 | Ribbon |
| 6 | Vibrator |
| 7 | Hopper |
| 8 | Collar Assembly |
| 9 | PSA Nitrogen Gas Plant |
| 10 | Frying Line 300 KGS/HR Including Machines |
| 11 | Extruder Lines |
| 12 | Anchor Bolt |
| 13 | Pre Fabricated Building |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नेपालमा भविष्य खोई ?

अहिले दैनिक करिब २ हजार ५ सयभन्दा बढी युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिदेसिने गरेका विवरणहरू बाहिर आएका छन् । रोजगारी, शिक्षा तथा अन्य उद्देश्यले युवाहरू बिदेसिएको जनाइएको छ । बिदेसिनेक्रम दिन प्रतिदिन बढ्दै गएकाले मुलुकमा युवाहरूको खडेरी पर्दै गएको छ । गाउँघरहरू युवाविहीन बन्दै गएका छन् भने सहरका युवाहरूसमेत बिदेसिने तरखरमा देखिएका छन् । अधिकांश युवाले आफूहरू बिदेसिनुको मुख्य कारण मुलुकमा भविष्य सुनिश्चित नभएको बताएका छन् ।

स्वदेशमै रोजगारीसँग सम्बन्धित नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने युवाको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । नेपालबाट विभिन्न १ सय ११ देशमा संस्थागत रूपमा कामदार जाने गरेका छन् । तथापि, व्यक्तिगत रूपमा भने विश्वका करिब १ सय ७८ मुलुकमा नेपालीहरू जाने गरेको सरकारी तथ्यांक छ । मुलुकबाट युवाहरू बिदेसिन थालेको धेरै समय भए पनि सरकारले भने आर्थिक वर्ष २०६५–०६६ बाट मात्र यसको आधिकारिक तथ्यांक राख्न सुरु गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकनुसार डेढ दशकको अवधिमा वैदेशिक रोजगार विभागबाट श्रमस्वीकृति लिएर ५० लाखभन्दा बढी नेपाली कामको खोजीमा विदेश गएका छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकनुसार गत आव २०८०–८१ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जानेको संख्या ७ लाख ४१ हजारभन्दा बढी रहेको जनाएको छ । अहिले पनि श्रम स्वीकृति लिएर प्रत्येक महिना कम्तीमा ६० हजारभन्दा बढी युवा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पुग्ने गरेको रोजगार विभागले जनाएको छ । यो तथ्यांक हेर्दा सरदर नेपालबाट वार्षिक ६ लाखभन्दा बढी युवा रोजगारीका लागि बिदेसिने गरेका छन् ।

वैदेशिक रोजगारीका लागि मात्र नभई वैदेशिक अध्ययनका लागिसमेत दैनिक हजारौं युवा बिदेसिने गरेका छन् । गत आव २०८०–८१ मा मात्र १ लाख १२ हजार ५ सय ९३ जनाले वैदेशिक अध्ययनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट नो अब्जेक्सन लेटर (एनओसी) लिएका थिए । शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांकनुसार गत अघिल्लो आव यस्तो अनुमति लिनेको संख्या १ लाख १० हजार २ सय १७ जना थियो । कोभिडका कारण २०७७–०७८ मा २७ हजार ९ सय र २०७६–०७७ मा ३४ हजार ९६ विद्यार्थीले मात्रै एनओसी लिएका थिए ।

वैधानिक रूपले मात्र नभई अवैधानिक रूपले समेत दैनिक सयौं नेपालीहरू बिदेसिएका समाचारहरू प्रकाशित भएका छन् । मुलुकबाट दिन प्रतिदिन युवाहरू पलायन हुनुका विभिन्न कारण देखिए पनि सबैभन्दा ठूलो कारण मुलुकको राजनीतिक अवस्थालाई लिन सकिन्छ । जबसम्म मुलुकको राजनीतिक नेतृत्वले युवाहरूको भविष्य स्वदेशमै सुरक्षित र सुनिश्चित हुनेछ भन्ने विश्वास दिलाउन सक्दैनन्, तबसम्म युवाहरूलाई विदेश जानबाट रोक्नसक्ने अवस्था देखिँदैन ।

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# भ्रष्टाचार मुद्दामा हदम्याद



• यज्ञप्रसाद भट्टराई

भ्रष्टाचारका मुद्दामा हदम्याद राख्न हुने वा नहुने भन्ने विषयमा बहस सुरु भएको छ । नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को पहिलो संशोधन मसौदा संवत् २०७६ माघ महिनामा स्वीकृत गरी संघीय संसद्मा पठाएको थियो । उक्त संशोधन विधेयकलाई राष्ट्रिय सभाले संवत् २०७९ चैत महिनामा पारित गरी प्रतिनिधि सभामा पठाएको छ । उक्त विधेयक उपर प्रतिनिधि सभाको राज्यव्यवस्था तथा सुशासन समितिमा छलफल भइरहेको छ । उक्त संशोधित विधेयकको दफा ४५ को उपदफा (१) मा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनु पर्ने छ । उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले निज त्यस्तो पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐनबमोजिम तत्काल कारबाही हुन सक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भए पनि अवकाश भएको मितिले पाँच वर्षभित्र निज उपर यस ऐनबमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन । साथै उपदफा (३) मा उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए पनि सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्थाको स्वामित्व वा नियन्त्रणमा रहेको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा मुद्दा चलाउन त्यस्तो हदम्याद कायम रहने छैन भन्ने प्रावधान छ ।

हदम्याद भनेको सम्पत्ति, पद, अधिकार वा कसुरसम्बन्धी दाबी गरी न्यायिक उपचारका लागि अधिकारप्राप्त अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष फिरादपत्र, अभियोगपत्र, निवेदनपत्र वा सो सरहको दाबीपत्र पेस गर्न कानुनद्वारा तोकिएको समयावधि हो । हदम्यादले प्रचलित कानुनबमोजिम उजुरी दर्ता गर्न तोकिएको अन्तिम दिनसम्मको अवधिलाई जनाउँछ । विधिशास्त्रीय दृष्टिकोणबाट हेर्दा न्याय खोज्ने पक्षले निश्चित समयभित्र न्याय नखोजेमा उसलाई सधैँभरि कानुनी सुविधा प्राप्त हुँदैन भन्ने अवधारणाबाट हदम्यादको सुरुवात भएको मानिन्छ । कुनै गल्ती वा त्रुटिको जोखिम अनिश्चितकालसम्म रहनु हुँदैन भनेर हदम्यादको व्यवस्था गरिएको हुन्छ । हदम्यादको उद्देश्य कानुनद्वारा निर्धारित समय व्यतीत भएपछि मुद्दा चल्न सक्दैन भनी सुनिश्चित गराउनु एवं ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्देश्य हुन्छ ।

अब भ्रष्टाचारको मुद्दामा हदम्याद रहनु पर्छ वा रहनु हुँदैन भन्ने दुवै खाले दृष्टिकोण रहेको पाइन्छ । दुवै दृष्टिकोणबाट यसलाई हेर्नुपर्ने हुन्छ । भ्रष्टाचारको मुद्दामा हदम्याद रहनु पर्छ भन्ने दृष्टिकोणका पनि आफ्नै मान्यता र तर्क रहेका छन् । भ्रष्टाचारका मुद्दामा हदम्याद राख्दा यसले भ्रष्टाचारका मुद्दाको शीघ्र अनुसन्धान भई अभियोजन हुन सक्छ । त्यसैगरी हदम्याद राख्दा कानुनी निश्चितता रहन्छ भने हदम्याद नराख्दा अनिश्चितता पैदा भई कहिले अनुसन्धान हुने र कहिले अभियोजन हुने भन्ने कुरा निश्चित हुँदैन । त्यसै गरी हदम्यादको कारणले शीघ्र अनुसन्धान गर्नुपर्ने बाध्यात्मक स्थिति हुँदा प्रमाण नासिने र मासिने सम्भावना हुँदैन । भ्रष्टाचार नियन्त्रण गर्ने निकायले भ्रष्टाचारको मुद्दामा तोकिएको समयावधिभित्र अनुसन्धान गरी टुङ्ग्याउनुपर्ने र समयमै उचित निर्णय लिनुपर्ने बाध्यात्मक परिस्थिति हदम्यादको व्यवस्थाले उत्पन्न हुन्छ । फौजदारी मुद्दामा हदम्याद नराख्ने हो भने अपराधको अनुसन्धान गर्ने र अभियोजन गर्ने नाममा शङ्कास्पद व्यक्ति जहिलेसुकै तनाव र त्रासमा रहन सक्ने स्थिति पैदा हुन्छ । कुनै त्रुटि र कमजोरी गर्नेहरूमाथि खतराको तरबार सधैँभरि झुन्ड्याएर राख्न मिल्दैन ।

कुनै खास समयभित्र कारबाही र सजाय नभएमा उसले सहुलियत पाउनु पर्छ भन्ने मान्यता पनि राख्ने गरिन्छ । हदम्यादको व्यवस्था नहुने हो भने सानातिना गल्ती र त्रुटि गर्ने व्यक्ति सधैँभरि त्रासमा रहने एवं अख्तियार प्राप्त निकायले जस्तोसुकै भ्रष्टाचारका घटनामा जहिलेसुकै पनि अनुसन्धान गरी अभियोजन गर्न सक्ने हुँदा यस्तो अवस्थामा अख्तियार प्राप्त निकाय स्वेच्छाचारी हुन सक्ने जोखिम बढ्ने भन्ने मान्यता पनि रहेको हुन्छ । अधिकारवादी दृष्टिकोणबाट हेर्दा व्यक्तिको अर्थात् अभियुक्तको अधिकार र हितका लागि हदम्यादको व्यवस्था राखिएको हुन्छ । हदम्यादको व्यवस्था राख्दा भ्रष्टाचारमा संलग्न भएका व्यक्तिलाई निश्चित अवधिपछि राहत हुन्छ, किनभने हदम्याद सकिएपछि उनीहरूविरुद्ध मुद्दा चल्न सक्दैन । अनुसन्धान र अभियोजन गर्ने निकायलाई पनि निश्चित अवधिभित्र मुद्दाको अनुसन्धान र अभियोजन सक्नु पर्ने दबाब रहन्छ । भ्रष्टाचारका मुद्दामा हदम्याद नराख्दा एक प्रकारको अनिश्चित पैदा हुन्छ । हदम्याद नहुने हो भने भ्रष्टाचारजन्य कार्य भएको राज्यलाई थाहा भएर पनि केही नगरी बस्न सक्ने स्थिति पनि रहन सक्छ । साथै हदम्याद राखियो भने एक प्रकारको निश्चित हुन्छ । यसर्थ भ्रष्टाचारका मुद्दामा अनिश्चितताबाट निश्चिततातर्फ जानका लागि पनि हदम्याद राख्नु पर्छ भन्ने मान्यता रहेको पाइन्छ ।

अर्कोतर्फ भ्रष्टाचारका मुद्दामा हदम्याद रहनु हुँदैन भन्ने दृष्टिकोणबाट हेर्दा भ्रष्टाचारलाई गम्भीर अपराधको रूपमा लिइन्छ । कतिपय गम्भीर प्रकृतिका अपराध एवं भ्रष्टाचारजन्य कसुरमा हदम्यादको व्यवस्था राख्ने गरिँदैन । गम्भीर अपराध गर्नेहरू सधैँभरि डर र त्रासमा रहनु पर्छ भन्ने मान्यताले गर्दा समयावधि तोकिँदैन । भ्रष्टाचारबाट राज्यलाई हानिनोक्सानी हुने र अन्ततोगत्वा त्यसबाट सर्वसाधारण नागरिकलाई क्षति हुने भएकाले भ्रष्टाचारका पीडित पक्ष आमनागरिक नै हुन्छन् । त्यसैगरी घुस लिएको वा भ्रष्टाचार गरेको वा अकुत तथा गैरकानुनी सम्पत्ति आर्जन गरेका मुद्दामा अनुसन्धान एवं अभियोजन गर्ने निकायलाई निश्चित समयमा प्रमाण जुटाउनसमेत कठिन हुने हुन्छ, जसले गर्दा त्यस्ता भ्रष्टाचारमा हदम्यादको मामिलामा उदार दृष्टिकोण राख्ने गरिन्छ ।

फौजदारी कानुनको सिद्धान्त अनुसार कतिपय गम्भीर र जघन्य प्रकृतिका अपराधमा हदम्याद हुँदैन र राखिँदैन । कुनै पनि देशको मौजुदा कानुनले हदम्याद नलाग्ने भनेर व्यवस्था गरेको हुन्छ भने त्यस्तो अवस्थामा दोषीलाई जहिलेसुकै पनि कानुनको दायरामा ल्याउन सकिन्छ । जसले गर्दा मुलुकमा दण्डहीनताको स्थिति आउन पाउँदैन । त्यसै गरी व्यक्तिको अधिकार र हितका लागि हदम्यादको व्यवस्था राखिने भए तापनि राज्यले ठुलो हानि नोक्सानी बेहोर्नु परेको अवस्थामा भ्रष्टाचारमा संलग्न व्यक्तिको अधिकारलाई गौण बनाउनुपर्ने मान्यता रहन्छ । गम्भीर अपराध गर्नेहरू सधैँभरि राज्यबाट त्रस्त अवस्थामा रहनु पर्छ र त्यस्ता अपराधमा हदम्यादको व्यवस्था राख्नु हुँदैन भन्ने दृष्टिकोण रहेको पाइन्छ । हदम्यादको व्यवस्था न्यायको प्रयोजनका लागि राखिने भए पनि यसको दुरुपयोग नहुनेतर्फ सदैव सतर्क रहनुपर्ने र पदको दुरुपयोग गरेर भ्रष्टाचार जस्तो गम्भीर अपराध गर्नेहरू सधैँभरि त्रस्त हुने अवस्था कायम राख्नका लागि हदम्याद राख्नु हुँदैन भन्ने तर्क पनि छन् । भ्रष्टाचारका मुद्दामा अनुसन्धान गर्न वर्षौंसम्म समय लाग्न सक्ने अवस्था हुन्छ । अनुसन्धान एवं अभियोजनमा चुनौती थपिएर दोषीले उन्मुक्ति पाउन सक्ने अवस्था पनि आउन सक्छ । त्यसै गरी शक्तिशाली व्यक्तिले अनुसन्धानमा प्रभाव पारी हदम्याद कटाउन सक्ने सम्भावना पनि रहने र अनुसन्धानमा लामो समय पनि लाग्न सक्ने एवं समयमै प्रमाण सङ्कलन गरी मुद्दा दायर गर्नसमेत कठिन हुने हुँदा भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिका मुद्दामा हदम्याद राख्नु हुँदैन भन्ने मान्यता रहेको पाइन्छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २९ मा प्रत्येक राज्य पक्षले उपयुक्तता अनुसार महासन्धिद्वारा स्थापित गरिएका कुनै पनि कसुरका सम्बन्धमा कानुनी कारबाही सुरु गर्न आफ्नो मुलुकको कानुनमा लामो हदम्यादसम्बन्धी कानुनी व्यवस्था स्थापना गर्ने तथा आरोपित कसुरदारले न्याय प्रशासनलाई छल्ने कार्य गरेमा हदम्यादसम्बन्धी कानुनी प्रावधानलाई लामो बनाउने वा हदम्यादसम्बन्धी कानुनी प्रावधानलाई निलम्बित गर्ने व्यवस्था स्थापित गर्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त महासन्धिको नेपाल पक्षराष्ट्र रहेको छ । दक्षिण एसियाली देशको अभ्यास हेर्दा भारतको द प्रिभेन्सन अफ करप्सन एक्ट, १९८८ मा भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर गर्ने विषयमा निश्चित हदम्याद तोकिएको पाइँदैन । पाकिस्तानमा नेसनल एकाउन्टविलिटी अर्डिनेन्स, १९९९ मा भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर गर्ने विषयमा निश्चित समयावधि राखिएको पाइँदैन । बङ्गलादेशको भ्रष्टाचारसम्बन्धी कानुनमा भ्रष्टाचारको सम्बन्धमा निश्चित हदम्याद तोकिएको छैन । माल्दिभ्सको प्रिभेन्सन अफ करप्सन एक्ट तथा भुटानको एन्टी करप्सन एक्ट, २०११ मा १० वर्षको हदम्याद तोकिएको पाइन्छ । श्रीलङ्काको ब्राइवरी एक्ट, १९५४ मा निश्चित हदम्याद तोकिएको पाइन्छ ।

दक्षिण कोरियाको कानुनी व्यवस्थामा सजायको मात्रा अनुसार हदम्यादको वर्गीकरण गरिएको पाइन्छ । सजायको मात्राका आधारमा १० वर्षभन्दा माथिको कैद सजाय हुनेमा २५ वर्ष, पाँचदेखि १० वर्षसम्म कैद हुनेमा १० वर्ष र तीनदेखि पाँच वर्ष कैद हुनेमा सात वर्षको हदम्यादको व्यवस्था छ । पछिल्लो समयमा गम्भीर भ्रष्टाचारका मुद्दामा हदम्याद तोक्नु हुँदैन भन्ने आवाज पनि उठ्ने गरेको पाइन्छ । युरोपियन देशको अभ्यास हेर्दा विभिन्न देशमा देश अनुसार तीनवर्षदेखि २५ वर्षसम्मको हदम्याद तोकिएको पाइन्छ । युरोपियन देशमा गरिएको भ्रष्टाचारसम्बन्धी अध्ययन अनुसन्धानले गम्भीर प्रकृतिका र धेरै बिगो भएका भ्रष्टाचारका मुद्दामा हदम्याद तोक्दा उक्त समयमा प्रमाण जुटाउन एवं अनुसन्धान गरी मुद्दा दायर गर्न कठिनाइ छ । त्यसो हुँदा भ्रष्टले उन्मुक्ति पाउने स्थिति रहने भएकाले यस्ता गम्भीर प्रकृतिका भ्रष्टाचारका मुद्दामा हदम्याद तोक्न उपयुक्त नहुने भन्ने प्रतिवेदनले देखाएका छन् ।

नेपालमा भ्रष्टाचार निवारण ऐन, २०१७ मा भएको व्यवस्था हेर्दा ऐनबमोजिम मुद्दा दायर गर्ने हदम्याद कायम गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन । सोबाहेक अरू भ्रष्टाचारको कसुरमा विभागीय कारबाही समाप्त भएको मितिले छ महिनाको र विभागीय कारबाही नभएकोमा अनुसन्धानको कारबाही सुरु भएको मितिले दुई वर्षको हदम्याद हुने छ । एउटै अपराधमा विभागीय कारबाही भएको र नभएको व्यक्ति मुछिएका रहेछन् भने छ महिना वा दुई वर्षमध्ये जुनपछि आउँछ सोही हदम्याद कायम हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ । अहिलेको प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९, मा हदम्याद तोकिएको छैन ।

अतः कुन देशलाई कस्तो कानुनको आवश्यकता पर्छ भन्ने कुरा त्यस देशका जनताको चाहना तथा आवश्यकता एवं त्यस देशको राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक र वातावरणीय परिवेशले निर्धारण गर्छ । कानुनको निर्माण, संशोधन एवं परिमार्जन मुलुक र जनताको हितमा आधारित रहेर हुनु पर्छ । आफ्नो देशको माटो सुहाउँदो एवं समाज अनुकूलको कानुन आवश्यक हुन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन अनुसार पनि नेपालमा भ्रष्टाचारजन्य गतिविधि अधिक हुने गरेको देखिन्छ । भ्रष्टाचार गम्भीर प्रकृतिको फौजदारी अपराध भएको हुँदा यसमा निश्चित हदम्याद तोक्नु उपयुक्त हुँदैन । तोक्नु नै परेमा बिगो र कैद अनुसार हदम्यादको वर्गीकरण गर्नु उपयुक्त हुन्छ । पाँच लाख रुपियाँसम्म बिगो र एक वर्षसम्म कैद सजाय हुन सक्ने भ्रष्टाचारमा निश्चित हदम्याद तोक्न उपयुक्त हुन्छ, अन्यमा हदम्याद खुला नै राख्नु उपयुक्त हुन्छ ।

# वित्तीय संस्थाको जवाफदेहिता

• दुर्गा कडेल छत्कुली

नेपालमा करिब नौ दशक लामो वित्तीय क्षेत्रको औपचारिक इतिहास छ । यति लामो समयमा वित्तीय संस्थाको संख्यात्मक विकास त उल्लेख्य रूपमा भएको छ तर ती संस्थाको प्रभाव समाजमा कस्तो रह्यो त ? भन्ने प्रश्न छ । वित्तीय संस्थाहरूको नियामक निकाय नेपाल राष्ट्र बैङ्कले २०१३ सालदेखि यसलाई नियमन गरिरहेको छ । सर्वसाधारण व्यक्ति तथा संस्थागत निक्षेपको सुरक्षा, लगानीकर्तालाई आवश्यक पर्ने लगानी र एएमएल/सिएफटी/एसटिआरका विविध पाटाको नजिकबाट निगरानी गरिरहेको छ । बैङ्क तथा वित्तीय संस्थाहरू करिब चालिसको दशकपछि बढ्न गए, जुन देशको आवश्यकताबमोजिम थिए थिएनन्, हेरियो हेरिएन, नियमन पुग्यो पुगेन, स्वीकृति दिने तौरतरिका मिल्यो मिलेन जस्ता पक्षहरूको मध्यनजर नगरी सञ्चालनमा रहे । जति पनि वित्तीय संस्थाहरू सञ्चालनमा छन्, निरन्तर रूपमा तिनका सूचकाङ्क उकालो लागिरहँदा अर्थतन्त्रको विद्यमान अवस्था सिर्जित भएको छ । ती संस्थाहरूले काम गरेको अवस्था रहँदा रहँदै पनि तिनको कामको प्रभाव कस्तो रह्यो र कहाँ पर्‍यो भन्ने विषय खोजीको विषय बनेको छ । वित्तीय संस्थाको संख्या कतिसम्म खुले, आज कति छन् र कति आवश्यक हो भन्ने विषयलाई गौण रूपमा लिँदा तिनको काम गराइमा वृद्धि छ वा ह्रास भइरहेछ भन्ने विषयलाई प्राथमिकतामा राखेर हेर्ने हो भने वृद्धि सन्तोषजनक रहेको देखिन्छ । चालिसको दशकपछिको समयलाई हेर्ने हो भने निक्षेप होस् वा कर्जाको वृद्धि केही वर्ष छोडेर अधिकांश वर्षहरूमा दोहोरो अङ्कमा बढेको पाइन्छ । विपत् र महामारीको समयलाई अपवादका रूपमा छोडेर भन्ने हो भने निक्षेप तथा लगानी सधैँ उकालो लागिरेहेको देखिन्छ ।

लगानीको रूपमा रहेको स्रोत जसलाई निक्षेप भनिन्छ, जुन विभिन्न माध्यमबाट जम्मा भएको हुन्छ । चाहे त्यो वचतको रूपमा होस्, चाहे रेमिटको रूपमा होस्, चाहे भविष्यका लागि सुरक्षित गर्ने हिसाबले होस् । ती स्रोत निक्षेपको रूपमा एकत्रित हुन्छन् । सर्वसाधारणबाट सङ्कलित रकम वित्तीय संस्थाले राखिरहे भने त्यसको लागत भुक्तानी गर्न समस्या पर्छ । तसर्थ निक्षेपको ब्याज भुक्तानी गर्न, आफ्ना सञ्चालन खर्च धान्न र लगानीकर्तालाई लाभांश वितरण गरी नाफा आर्जन गर्न सुरक्षित लगानी गर्न आवश्यक छ । यही आवश्यकताबमोजिम लगानी पनि भएको देखिन्छ तर त्यो लगानी कहाँ हुनु पर्थ्यो ? कुन क्षेत्रमा गर्नु पर्थ्यो ? त्यसको प्रभाव जसरी पर्नु पर्थ्यो, त्यो पर्न सकेन किन ? प्रसङ्गलाई विषयान्तर गर्दैगर्दा बैङ्क तथा वित्तीय संस्था जवाफदेही हुनु पर्दैन ? लगानीका क्षेत्र पहिचान गरी उत्पादनमूलक, रोजगारी सिर्जना हुने, समाजको निम्न वर्गलाई कसरी माथि उठाउन सकिन्छ भन्ने विषयलाई मध्यनजर गरी लगानी गर्न सकेको भए वित्तीय क्षेत्रको व्यवस्था परिवर्तन त भयो तर अर्थतन्त्रको अवस्थामा पनि प्रभाव पर्न सक्थ्यो तर यथार्थ अर्थतन्त्रको अवस्था झन्भन्दा झन् खस्कँदै गएको छ ।

बैङ्क तथा वित्तीय संस्थाको अवस्थाले वित्तीय क्षेत्रको चित्रण गर्छ । वित्तीय क्षेत्र अर्थतन्त्रको ऐना हो, जसले समग्र अर्थव्यवस्था कस्तो छ ? कति सबल छ ? भन्ने बुझ्न सकिन्छ । यस्तो महत्वपूर्ण क्षेत्रलाई ध्यान दिन नसक्दा अर्थतन्त्र प्रभावकारी हुन सकेको छैन । अर्थतन्त्रको अवस्था शिथिलतातर्फ उन्मुख भइरहेको छ । वित्तीय संस्थाहरूले अहिलेको विद्यमान अवस्थालाई चिर्दै आउँदा दिनमा सही दिशा समाउन सरोकारवाला सबैको आआफ्नो भूमिका तपसिलबमोजिम रहनु पर्छ ।

नियामक निकाय नेपाल राष्ट्र बैङ्कले वित्तीय संस्थाको नियमन गर्दछ, जसले दीर्घकालीन लक्ष्यका साथ बैङ्क तथा वित्तीय संस्थालाई डोर्‍याउन सकेको भए आजको परिस्थितिभन्दा फरक बन्न सक्थ्यो होला । बैङ्क तथा वित्तीय संस्थाहरू जो नेपाल राष्ट्र बैङ्कबाट इजाजत लिई स्थापना भए तिनको अबको बाटो कता हो भन्ने दिशा निर्देश गरी त्यसतर्फ डोर्‍याउन नसकेको कारण लगानी बढिरहँदा आयात बढिरहेको अवस्था रहन गयो । बैङ्क तथा वित्तीय संस्थाले गर्ने लगानी उत्पादनसँग जाड्ने काम किन भएन ? यो प्रश्न गम्भीर रूपमा उब्जिएको छ । बैङ्क तथा वित्तीय संस्थाबाट प्रभावकारी नतिजा हासिल गर्नका लागि नियामकले सही दिशा निर्देश गर्न सक्नु पर्छ र बैङ्क तथा वित्तीय संस्थाले पनि नियामक निकायको निर्देशनभन्दा पनि आफ्नो भूमिकालाई स्वतःस्फूर्त रूपमा अगाडि बढाउन सक्नु पर्छ ।

राज्य व्यवस्थाका संवाहकहरू जो राज्यका प्रमुख अङ्गमा बसेर नीतिनियमहरू तर्जुमा गर्छन्, ती पक्षले योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथ अर्थतन्त्र कता लाने, कहिलेसम्म कहाँ पुग्ने भन्ने लक्षय राखेर अगाडि बढ्नु पर्नेमा सो पाटो कमजोर रहन गयो भने बनाइएका योजनाले पनि निरन्तरता पाउन सकेनन्, जसले गर्दा समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न सकेन । छोटो समयमा सरकार फेरबदल भइरहने हुनाले पनि समग्र अर्थतन्त्रले गति लिन सकिरहेको पाइँदैन । यो आर्थिक समृद्धिको बाधक पनि हो । सरकार फेरिए पनि योजना तथा नीतिले निरन्तरता पाइरहनु पर्ने हुन्छ । सरकारका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यन्वयन गरी र नतिजा हासिल गर्न वित्तीय संस्थाको भूमिका महत्वपूर्ण रहन्छ ।

दीर्घकालीन हुन् वा अल्पकालीन योजना तर्जुमा गर्ने क्रममा विभिन्न किसिमका अध्ययन अनुसन्धान गरी सम्बन्धित पक्षको गहिराइसम्म पुगेर तिनको आवश्यकता र औचित्यताको आधारमा हुनु पर्छ तर काठमाडौँका तारे होटलमा बसेर बन्ने योजनाले भुइँ तहका समस्याको सम्बोधन हुन सक्दैन । यसले विद्यमान अवस्थाको सिर्जना भएको हो । यसको ज्वलन्त उदाहरण सहुलियतपूर्ण कर्जाको लगानी र त्यसको कार्यान्वयनको अवस्थालाई हेर्न सकिन्छ । यसमा सरकार, बैङ्क तथा वित्तीय संस्था र ग्राहक सबै उत्तिकै जिम्मेवार रहेको मानिन्छ । यसमा लगानी गर्ने निकाय बढी संवेदनशील रहनु पर्छ ।


पहिलो विषय योजना बनाउँदा नै तथ्यपरक नहुँदा लागत अनुमान सही हुँदैन । दोस्रो भनेको बनेका योजना कार्यान्वयनमा ढिलासुस्ती र तेस्रो निरन्तरता हुन सकेको पाइँदैन । करौडौँको आयोजना पाँच/दस प्रतिशतबाट सुरु हुन्छ र निरन्तरता पाउँदैनन् भने त्यो परियोजना समयमा सम्पन्न त हुँदैनन् र गरिएको थोरै लगानी पनि खेर जान्छ । निरन्तरता भएका काम पनि समय बढी लाग्ने र लागतमा वृद्धि हुने कारण ती परियोजनाको समय अवधि लम्बिने गरेको छ । यही कारण अधिकांश परियोजनाको प्रभावकारिता हुन सकेको छैन । बैङ्क तथा वित्तीय संस्थाले परियोजनामा हुने यस्ता विषयको सुरुवाती चरणदेखि नै अध्ययन विश्लेषण गरी

❖ बाँकी तेस्रो पृष्ठमा

# राष्ट्रवादी भाव बोकेर आएको "मैले खोजेको देश"



• द्रोण अधिकारी गुयेली




कवि, लेखक, विश्लेषक, सम्पादक/प्रकाशक तथा पत्रकारको पहिचान बनाएका राजेश ढुंगाना सडक कविता क्रान्तिकाल वि सं २०३६ सालदेखि विद्रोह बोकेर कविता रचना गरिरहेका स्रष्टा हुन् । यस अवधिमा नेपाली राजनीतिले उथलपुथलका दर्जन घटना पार गर्दा पनि ढुंगाना कविता लेखनको ४५ वर्षे यौवन पूरा गरेर निरन्तर विद्रोहका भाव ओकलिरहेका छन् । झापा भद्रपुर ८ निवासी कवि ढुंगाना कविता लेख्नकै लागि जन्मिएका व्यक्तिजस्तो आभास उनका कविताले दिलाउँछन् । झापा भद्रपुरमा २०१९ मा जन्मिएका कवि ढुंगाना काव्य रचनामा कोमल हृदय भएका तर विकृतिबिरूद्ध प्रहार गर्ने सशक्त सर्जक हुन् । स्वतन्त्रका लागि कठोर आवाज विद्रोहस्वरूप ओकल्ने कवि ढुंगानाको मन भने निरन्तर सिर्जनशील छ । वि सं २०८१ बैशाख ६ गते दोस्रो कृतिका रूपमा प्रकाशित भएको मैले खोजेको देश कविता संग्रह राष्ट्रवादी भावसित विद्रोह बोकेर आएको छ । यस संग्रहका कविताले कवि ढुंगानालाई राष्ट्रवादी सर्जकका रूपमा उभ्याइदिएको छ । उनका कविताले राष्ट्रप्रति निस्वार्थ प्रेम, जीवन जगतमा मान्छेको भूमिका, स्वतन्त्रता, विकृति विसंगतिप्रति प्रहार, आजको राजनीतिमाथि अविश्वास गर्दै विद्रोहको ज्वाला दन्काउने प्रयास गरेको छ । मानव जीवनमा आशावादी जीवन दृष्टिलाई कलात्मक रूपमा वर्णन गर्न सफल कविका अधिकांश कविताले मान्छेकै बेलिबिस्तार गर्दै देशप्रति माया दर्शाएर शासकीय स्वरूपको विकृतिमाथि चिरफारको प्रयास पनि गरेका छन् । समयअनुसारको आवाज र राजनीतिको अन्धोपना बीचको द्वन्द्व पनि प्रष्ट्याउने इच्छा राखेको पाइन्छ । उनका लामा छोटा गरी ७० वटा कविताले मूल रूपमा देशलाई उभ्याएका भएपनि मान्छेसित जोडिएको राजनीति, प्रेम, शासन शैली जस्ता पक्षलाई मूल भाव बनाएका छन् । उनका कविताहरू फुटकर टुक्राटाक्री देखिएपनि भव प्रस्तुतिमा कुनै न कुनै रूपमा शक्तिशाली राष्ट्रवादी भावना बन्न सफल देखिन्छन् ।

मैले खोजेको देश कविता संग्रहमा ७० वटा कवितालाई ११८ पृष्ठमा बिटो कस्ने काम भएको छ । अवि खरेलले नेपालीपन झल्किने आकर्षक आवरण प्रस्तुत गरेका छन् । यस पुस्तकमा हरि अधिकारी र कृष्ण धरावासीको भूमिका, विवश पोखेल र प्रमोद प्रधानको कृतिभित्रका कवितामा रहेका विषयवस्तु केन्द्रीत टिप्पणी रहेको छ । भूमिकामा कवि राजेशलाई स्वतन्त्रताप्रेमी, प्रजातन्त्रप्रेमी, राजनीतिकर्मी, पत्रकार र सफल कविका रूपमा परिचय गराउने प्रयास गरिएको छ । साना ठूला गरी ७० वटा कविता रहेको यस कृतिले देशको राजनीति विकृत र विसंगत बन्नुमा गोली तथा बारूदको धडधडी रहेको निचोड निकालेको छ । संग्रहित हरेक कविताले एउटा नयाँ भावलाई उराल्ने प्रयास गरेका छन् ।

नेपालमा वि सं २००७ सालदेखि वर्तमानसम्म राजनीतिका तन्त्रै तन्त्रको खात लगाइसक्ता पनि, पुस्तौं पुस्तासम्म राजनीतिक लडाइँ लडिरहनु परेको आक्रोश भेटिन्छ । देश भ्रष्ट चंखे, चतुरे, तिघ्रे र पाखुरेहरूकै मात्र मस्ती केन्द्र भइरहेको छ । बाँच्नका लागि नागरिकले देश छोडेर विदेशीको दास बन्नु परेको अवस्थामाथि व्यंग्य कसिएको छ । मान्छे हुन केही गर्नु पर्छ भन्ने भावना विचारका रूपमा कवितामा आएका छन् । हत्या-हिंसाबाट उम्रिएको राजनीतिले देश र जनतालाई सुख, शान्ति र समृद्धिको फल दिन सक्दैन । राजनीतिलाई नागरिकले बेइमानी, ठगी, लुट-झुट र अनैतिकता स्वाभाविक हुने खेलका रूपमा बुझ्नु पर्ने अवस्था छ । देशको हित विपरितका गतिविधिमाथि कवितामा व्यंग्यको वाण बजारिएको छ । वि सं २०७० देखि २०८० सालका बिचमा साहित्यिक तथा समाचारपत्रका साहित्य अंकमा प्रकाशित कविताहरूले नेपाली मन र नेपालीपनका लागि गाँसिएका अक्षरहरू जोडेर देश, समाज र मानवताको अस्तित्वबोध मूल भावना बनाउने प्रयास गरेका छन् । यस कविता संग्रहले सरल शब्दभित्र प्रभावकारी बिम्व र उत्कृष्ट काव्य शिल्प प्रयोग गरेको देखिन्छ । मान्छे उन्मुक्त स्वतन्त्रताप्रेमी भएको ठान्ने कवि ढुंगानाले मान्छेभित्र लुकेका अहम् र विकृतिबिरूद्ध भने खरो प्रहार समेत गरेका छन् ।

'मैले खोजेको देश' कविता संग्रह सुन्दर कलात्मक आवरणले सजिएको छ । आवरणको पृष्ठभूमिमा दृश्यचित्रले नेपालको हिमाल पहाड र तराईको भौगोलिक स्वरूपलाई एकाकार गरेर देखाएको छ । हरेक कविताहरू विम्व र कलाले भरिएका कलात्मक छन् । गहन भावसित गाँसिएर उत्कृष्ट अभिव्यक्तिका रूपमा आएका छन् । कविता पढ्दा पाठकले आनन्दानुभूति गर्ने अवसर पाउने छन् । उनका कविताले मन र मष्तिष्कलाई सोचनीय बनाउने छन् । हाम्रो संकुचित समाजमा कतिपय शब्दहरू निर्लज्ज देखिन सक्छन् । त्यो मानव समाजको यथार्थ ऐना हो तर पनि पचाउन सहज छैन । कवि राजेश ढुंगानाका कविताहरूले देश दुनियाँ छोडेर मानवताबाट टाढा भागेका छैनन् । वर्तमान नेपाली राजनीतिमा सत्तामोह र स्वार्थमा लागेका नेताहरूप्रति व्यंग्य र विद्रोहका स्वरहरू उराल्ने प्रयास गरिएको छ । पहिलो कृतिभन्दा कवि ढुंगाना दोस्रो कृतिमा आइपुग्दा बलवान विद्रोहीका रूपमा देखिएका छन् ।

यस कृतिका कविताहरूमा मातृभूमि, राष्ट्रियता, स्वाभिमान र स्वतन्त्रताको वकालतलाई बलियो बनाउने प्रयास गरिएको छ । नेपालको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक जस्ता पक्षलाई राजनीतिक आवरणमा नियन्त्रण गरिएकोमा प्रतिवादको आक्रोस पोखिएको यस कविता संग्रहले नयाँ युग जन्मिने संकेत समेत छोडेको छ । विद्रोह एक युगमा एक पटक ज्वालामुखी बनेर आउने विश्वास राजनीतिले राखे पनि नेताका कारण राजनीतिमाथि पटक पटक विद्रोहले धावा बोल्नु परेकोमा कवि आक्रोश पोख्दै भन्छन्–

१. युद्ध  
झुप्राहरूले  
महलका विरूद्ध लड्दैछन्  
बन्दुकका विरूद्ध  
केवल  
हात र आवाजहरूले  
लड्नेछन् । (हात र आवजहरू)

२. म विद्रोह बोल्छु  
र बारम्बार  
तिम्रा विरूद्ध म विद्रोह गर्छु । (ईश्वर नै भए पनि)

माथि उल्लेखित दुई टुक्रा कविताका सारले नै भन्छ कवि राजेश ढुंगाना देश र जनताको भलाइका लागि विद्रोह बोल्ने राष्ट्रवादी कवि हुन् । जसले विचारलाई हतियार बनाएर बिध्वंसका बमहरू सँधैंका लागि देशका सिमानाबाट फाल्ने हिम्मत कसेका छन् । चेतन र अवचेन मनभित्र देशको माटो साँच्नेहरू साँच्चै राष्ट्रवादी बन्न सक्छन् भन्ने तथ्य राजेश ढुंगानाले फुटकर कवितामार्फत मैले खोजेको देशको रूपमा प्रस्तुत गरेका छन् । नेपाली फुटकर कविता काव्य जगतमा यस कृतिले एउटा बलियो इटा बनेर आएको छ ।

# कोशी प्रदेशको आवधिक योजना सार्वजनिक

झापा(प्रस) । कोशी प्रदेश योजना आयोगले प्रदेशको दोस्रो आवधिक योजना सार्वजनिक गरेको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा एक कार्यक्रम गर्दै योजना आयोगले आवधिक योजना सार्वजनिक गरेको हो ।

आवधिक योजनामा आर्थिक वर्ष २०८५/०८६ सम्ममा कोशी प्रदेशको आर्थिक वृद्धिदर ७.५५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० मा २.३८ प्रतिशत आर्थिक वृद्धिदर थियो भने आर्थिक वर्ष २०८०/०८१ मा ३.५१ प्रतिशत थियो ।

प्रदेश योजना आयोगले सार्वजनिक गरेको दोस्रो आवधिक योजना अनुसार आर्थिक वर्ष २०८५/०८६ मा प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादन १६४५ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा १२९९ अमेरिकी डलर थियो भने आर्थिक वर्ष २०८०/८१ मा १३३६ अमेरिकी डलर थियो ।

त्यसैगरी आर्थिक वर्ष २०८५/८६ सम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्या १२ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा १७.५० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका थिए भने गएको आर्थिक वर्षमा यसमा ०.३० प्रतिशत घटेर १७.२० प्रतिशत पुगेको छ ।

यसैगरी अहिले १० प्रतिशत रहेको बेरोजगारी दरलाई आर्थिक वर्ष २०८५/८६ सम्ममा ५.४ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । आर्थिक वर्ष २०८५/०८६ मा कोशी प्रदेशका जनताको अपेक्षित आयु ७२ वर्षको हुने अनुमान गरिएको छ । मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) ७० मा झार्ने अनुमान गरिएको छ । त्यस्तै पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २० मा झार्ने अनुमान गरिएको छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

## वित्तीय...

सजगतापूर्वक लगनी गर्न सक्नु पर्छ र समयमा काम सम्पन्न गर्ने सहयोग पुऱ्याउन सक्नु पर्छ ।

सन् १९८० पछि आर्थिक उदारीकरणको लहर विश्वभरि फैलियो र त्यसको प्रभाव नेपालमा पनि पऱ्यो, जसको कारण निजी तथा वैदेशिक लगानीका बैङ्क तथा वित्तीय संस्थाहरू च्याउ उम्रेसरी उम्रिन पुगे । देशका लागि आवश्यक बैङ्क तथा वित्तीय संस्थाको कार्यदिशाको एउटा पाटो छँदै थियो, त्योभन्दा बाहेक इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थाहरू स्वयम् आफूले के गर्नु पर्थ्यो भन्ने विषयमा मनन गर्न नसक्दा जथाभावी लगानी हुन पुग्यो । अनुत्पादन क्षेत्रमा लगानी बढ्यो । गरिएको लगानी सदुपयोग भएन । आयातलाई प्रश्रय दिएका कारण लगानी बढिरह्यो । बैङ्क तथा वित्तीय संस्थाको उल्लेख्य रूपमा स्थापनाले अर्थतन्त्रको व्यवस्था परिवर्तन भए जस्तो त देखियो तर अवस्था झन्भन्दा झन् कमजोर बन्दै गयो ।

जुनसुकै संस्था समाजमा जन्मन्छ, हुर्कन्छ र समाजमा नै त्यसको विकास र विस्तार हुन्छ । समाजमा ती वित्तीय संस्था स्थापना हुन्छन् र समाजको आवश्यकता रहन्छ भने ती संस्थाको पनि समाजप्रति दायित्व रहेको हुन्छ । समाजप्रति फाइदा मात्र लिने होइन, समाजप्रति जवाफदेही र उत्तरदायी पनि हुनु पर्छ । बैङ्क तथा वित्तीय संस्थाले समाजमा वित्तीय साक्षरताका विषय प्राथमिकतामा राखी वित्तीय ज्ञान दिलाउन सक्नुपर्ने हुन्छ । अझै पनि ठुलो हिस्सा अर्थात् ३० प्रतिशत सर्वसाधारण वित्तीय पहुँचबाट वञ्चित रहेको तथ्याङ्कले देखाउँछ । तसर्थ समाजप्रति उत्तरदायी बैङ्क तथा वित्तीय संस्थाहरू हुन जरुरी छ ।

समाजमा खुलेका बैङ्क तथा वित्तीय संस्था सेवामुखीभन्दा पनि नाफामुखी भएर अगाडि बढ्नाले अस्वस्थ प्रतिस्पर्धा बढेको छ । वित्तीय कारोबार गर्ने सीमित वर्ग समुदायलाई स्थापना भएका वित्तीय संस्थाले विभिन्न प्रलोभनमा ग्राहक तानातान भइरहेको पाइन्छ । ठुला ठुला ऋणीहरू फरक फरक बैङ्क तथा वित्तीय संस्थामा सरिरहेको अवस्था, नीतिनियममा छिद्र खोजेर खेलेको अवस्था, कम्प्लायन्स मिचेर काम भइरहेको अवस्था छन् । यस्ता प्रवृत्ति स्वस्थ प्रतिस्पर्धाको बर्खिलाप हुन् । नियमक निकायको नियमनको पाटो धेरै फराकिलो भइसक्दा नियामकले नियमनको दायरा बढाउँदै जानुपर्ने हुन्छ । नियामकको नियमन कार्य प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा बैङ्क तथा वित्तीय संस्थाले गर्ने कामको निरीक्षण, सुपरीवेक्षण, अनुगमन, कारबाहीका पक्ष बलिया हुन सकेको देखिँदैन ।

देशमा बैङ्क तथा वित्तीय संस्थाहरू त प्रशस्तै खुले तर ती नाफामुखी, सहर केन्द्रित भई दिँदा सर्वसाधारणमा सर्वसुलभ वित्तीय पहुँच पुग्न सकेन । सहरका एउटै भवनमा वित्तीय संस्थाका बोर्ड झुन्डिरहँदा दुर्गम स्थानमा वित्तीय पहुँच पुग्न सकिरहेको पाइँदैन । अर्थतन्त्रको समग्र विकास हुनका लागि राज्यले प्रवाह गर्ने सेवा सुविधाको समान वितरण हुन जरुरी हुन्छ ।

राजनीतिक नेतृत्व होस् वा संस्थागत नेतृत्व होस्, जो कोहीको पनि कर्तव्य भनेको समग्र देशको प्रगति तथा समृद्धिसँग जोडिएको हुन्छ/हुनु पर्छ । त्यो वर्ग आफ्नो कर्तव्य पालनालाई प्राथमिकतामा राखेर व्यवहारहरू गर्न सकेनन् भने समाजको विकासको गति तीव्र बन्न सक्दैन । तसर्थ त्यो वर्गले समाजमा आफ्नो व्यवहार परिवर्तन गरी सामाजिक हितमा काम गर्न ढिला भइसकेको छ । नेतृत्व भनेको रोल मोडलको भूमिकामा रहनु पर्छ, जसलाई अनुसरण गरी अरूले पनि पछ्याउन सकून र समाजमा सकारात्मक प्रभाव पर्न सकोस् ।

यस्ता विविध पक्षले गर्दा आजको हाम्रो समाज जुन गतिमा अगाडि बढ्नु पर्थ्यो, बढ्न सकिरहेको छैन । उल्लिखित विषयलाई समीक्षा गर्दै आउँदा दिनमा सरोकारवाला पक्ष आआफ्नो तहबाट आफ्नो भूमिका के रहन सक्छ र कसरी गर्ने भन्ने जानकारी लिई व्यावहारिक परिवर्तन हुन ढिला भइसकेको छ । अर्थतन्त्रको ऐनाको रूपमा रहेको वित्तीय क्षेत्रको प्रभावकारी भूमिका प्रदर्शन गर्न बैङ्क तथा वित्तीय संस्थाको भूमिका परिवर्तन हुन अपरिहार्य छ । यसतर्फ सम्बन्धित पक्षको ध्यान पुग्न जरुरी छ ।

# बाल यौन दुरुपयोग आरोपमा पक्राउ सुरक्षा गार्ड रिहा

झापा(प्रस) । बाल यौन दुरुपयोग आरोपमा पक्राउ परेका बिर्तामोडस्थित देवी माध्यमिक विद्यालयका सुरक्षा गार्ड धरौटीमा रिहा भएका छन् । अदालतमा ३० हजार रुपैयाँ बुझाएर ६९ वर्षीय सुरक्षा गार्ड तेजबहादुर पाण्डे शुक्रवार रिहा भएका हुन् । उनी २२




दिनअघि पक्राउ परेका थिए । गत साउन १० गते बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोपमा त्यसको भोलिपल्ट उनी पक्राउ परेका थिए । बिर्तामोड-४ निवासी पाण्डे पूर्वप्रहरी पनि हुन् ।

कराते खेल्न आएकी बिर्तामोड-६ की ९ वर्षीया बालिकालाई विद्यालय परिसरमै यौनजन्य हिंसा भएको भन्दै बालिकाका परिवारले प्रहरीमा जाहेरी दिएका थिए। जाहेरीकै आधारमा उनलाई पक्राउ गरी अनुसन्धानका लागि अदालतलाई जिम्मा दिइएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक प्रकाश विष्टले बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।